बैठक मितिः २०८२/१२/५

बैठक संख्याः १५

<u>छलफल तथा निर्णयहरुः</u>

१. महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. १०७, मिति २०८२/१०/२३ को पत्रसाथ लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०८२/८३-२०८७/८८ को मस्यौदा तथा सोही मन्त्रालयको च.नं. ११२, मिति २०८२/११/१९ को पत्रसाथ राष्ट्रिय वालवालिका नीति, २०८० को कार्यान्वयनको राष्ट्रिय कार्ययोजना, २०८१/८२-२०८५/८६ को मस्यौदामा राय सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा आयोगको बैठकमा सामाजिक विकास महाशाखाबाट पेश भए अनुसार आयोगको राय सुझाव पठाउने।

२. राष्ट्रिय योजना आयोगमा आ.व. २०८३/८४ को मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६) एवम् वार्षिक बजेट तथा कार्यक्रम (२०८३/८४) को नीतिगत तथा कार्यक्रमगत छलफल सम्बन्धमा आयोगको बैठकमा आर्थिक व्यवस्थापन महाशाखाबाट पेश भए बमोजिमको कार्य तालिका स्वीकृत गर्ने। साथै, विषय क्षेत्रगत मन्त्रालय तथा निकायले मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण मिति २०८२ चैत्र १५ गते भित्र प्रविष्टि गर्न आवश्यक व्यवस्था गर्ने।